# नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४५७५२९३, ४५७५२७६, ४५७५२७७, ४५७५२७८
फ्याक्सः ९७७-१-४५७५२८१
अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर, नयाँ बानेश्वर, काठमाडौं ।


नेपाल सरकार लगानी बोर्डको कार्यालय २०६८

पत्र संख्याः ०८०/०८१
च. नं.:

मितिः २०८० चैत्र १६

## प्रेस विज्ञप्ति

काठमाडौं । लगानी बोर्डसँगको सहकार्यमा नेपाली राजदूतावास, बेइजिङ तथा हङकङ्ग, छेङ्दू र ग्वान्जाओस्थित महावाणिज्य दूतावासले मार्च २३ देखि २९ सम्म चीनको विभिन्न शहरमा आयोजना गरेको तेस्रो लगानी सम्मेलनको प्रि-इभेन्ट सम्बन्धी पाँच वटा छुट्टाछुट्टै सेमिनारमा लगानी बोर्डले सहभागिता जनाएको छ। आगामी वैशाख १६ र १७ मा काठमाडौंमा आयोजना हुने तेस्रो लगानी सम्मेलनलाई दृष्टिगत गरी चिनियाँ सरकारी निकायहरु, चिनियाँ लगानीकर्ता र च्याम्बरका प्रतिनिधिहरु तथा गैरआवासीय नेपाली लगायतलाई लक्षित गरी आयोजना गरिएको उक्त कार्यक्रमहरुमा आगामी लगानी सम्मेलनको उद्देश्य, लगानीको वातावरण निर्माणका लागि भएको नीतिगत एवं कानुनी सुधारका प्रयासहरु, लगानीका अवसर र सम्भाव्य परियोजनाहरूको बारेमा जानकारी दिइएको थियो।

मार्च २३ मा हङकङस्थित महावाणिज्यदूतावासद्वारा आयोजित कार्यक्रममा महावाणिज्यदूत श्री उदय राना मगरले नेपालमा वैदेशिक लगानी विषयक प्रस्तुतीकरण दिनुभएको थियो भने लगानी बोर्डको कार्यालयका सहसचिव श्री प्रद्युम्न प्रसाद उपाध्यायले नेपालमा रहेका लगानीका अवसर र आगामी लगानी सम्मेलनको विषय समेटिएको प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रममा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्नुहुँदै बोर्डको कार्यालयका प्रवक्ता उपाध्यायले नेपालमा रहेको लगानीको प्रचुर सम्भावनाको खोजी गरी उपस्थित सहभागीहरुलाई नेपालमा लगानीको लागि आह्वान गर्नुभयो। १०० भन्दा बढी सहभागीहरु रहेको उक्त कार्यक्रममा हङकङ र मकाउका स्थानीय व्यवसायीहरु, च्याम्बरका प्रतिनिधिहरु तथा गैर आवासीय नेपालीहरुको सहभागीता रहेको थियो।

त्यसैगरी मार्च २५ मा छेङ्दुस्थित महावाणिज्यदूतावासको आयोजनामा संचालित कार्यक्रममा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले नेपालमा रहेको लगानीको वातावरण र लगानीको अवसर, सार्वजनिक निजी साझेदारीका परियोजना र ठूला लगानीको सहजीकरण गर्न स्थापित लगानी बोर्डको संस्थागत विकासका लागि भएका प्रयास र परियोजना विकास र व्यवस्थापनका क्षेत्रमा लगानी बोर्डले चालेका कदमहरुको बारेमा जानकारी दिँदै आगामी महिना आयोजना हुने तेस्रो लगानी सम्मेलनमा सहभागिताका लागि अनुरोध गर्नुभयो। सहभागीहरुबाट उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृत भट्टले नेपालमा लगानीको वातावरण सुधार हुँदै गएको र लगानी बोर्ड लगानीकर्ताहरुलाई सहजीकरण गर्न प्रतिबद्ध रहेको विषय जानकारी गराउनु भयो। उक्त कार्यक्रममा लगानी बोर्डको कार्यालयका उपसचिव श्री रमेश अधिकारीले विदेशी लगानीको प्रक्रिया र लगानीसँग सम्बन्धित मुख्य मुख्य कानूनका प्रावधानहरु समेटिएको एक प्रस्तुतीकरण गर्नुभएको थियो।

बेइजिङस्थित दूतावासले मार्च २६ मा आयोजना गरेको Pre-Event Seminar विषयक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठले नेपालमा लगानीका प्रशस्त सम्भावनाहरू रहेको चर्चा गर्नुहुँदै नेपालमा रहेका तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरुमा लगानी गर्न आह्वान गर्नुभयो।

नेपाल सरकार
लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४५७५२९३, ४५७५२७६, ४५७५२७७, ४५७५२७८
फ्याक्स: ९७७-१-४५७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

पत्र संख्या: ०८०/०८१ मिति: २०८० चैत्र १६
च. नं.:

कार्यक्रमको प्रमुख अतिथिको रुपमा माननीय उपप्रधानमन्त्रीले आगामी महिना आयोजना हुने लगानी सम्मेलन नेपालमा रहेको लगानीको वातावरण र अवसरहरुको विषयमा जानकारी लिने उपयुक्त अवसर भएकोले सहभागिताका लागि उपस्थित सहभागीहरुलाई अनुरोध गर्नुभयो। कार्यक्रमको प्रारम्भमा सम्माननीय प्रधानमन्त्री र माननीय अर्थमन्त्रीले चिनियाँ लगानीकर्तालाई आगामी लगानी सम्मेलनमा सहभागी भई नेपालमा लगानीका लागि आह्वान गर्नुभएको भिडियो सन्देश प्रस्तुत गरिएको थियो ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले नेपालमा लगानीको वातावरण सम्बन्धमा संक्षिप्त सिंहावलोकन प्रस्तुत गर्दै लगानीका आकर्षक क्षेत्रहरू — स्वच्छ र नवीकरणीय ऊर्जाका साथै भौतिक पूर्वाधार, पर्यटन, सूचना प्रविधि, कृषि प्रशोधन, उत्थानशील सहरी पूर्वाधार, खानी तथा खनिज परियोजनाहरूमा लगानी गर्न चिनियाँ लगानीकर्तालाई आह्वान गर्नुभयो।

कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्नुहुँदै चीनका लागि नेपालका राजदूत महामहिम श्री विष्णुपुकार श्रेष्ठले नेपाल चिनियाँ लगानीकर्ताहरूको रोजाइको गन्तव्य भएकाले लगानी सम्मेलनमा चीनबाट उल्लेख्य सहभागीता र लगानी प्रतिवद्धता पनि प्राप्त हुने विश्वास गर्नुभयो ।

त्यस्तै, China Chamber of International Commerce (CCOIC) का उप-महासचिव सु लियाङले नेपालले आर्थिक वृद्धि र समृद्धिको आकांक्षासहित विदेशी लगानी आकर्षित गर्न गरिरहेको कार्यको प्रशंसा गर्दै चिनियाँ लगानीले उक्त आकांक्षाा पूरा गर्न मद्दत गर्ने बताउनुभयो।

त्यस्तै दूतावाससँगकै सहकार्यमा मार्च २८ मा चीनको Zhejiang Province को Yiwu मा Pre-Seminar on Nepal Investment Summit and Expanding International Market विषयक कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रमलाई सम्बोधन गर्दै लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत भट्टले नेपाललाई उत्कृष्ट लगानी गन्तव्यको रुपमा परिचित गराउने उद्देश्यले आयोजना गर्न लागिएको तेस्रो लगानी सम्मेलनका मुख्य आकर्षणहरु, साइड इभेन्ट र G to G, G to B र B to B का सम्भावनाहरुको विषयमा जानकारी गराउनु भएको थियो। उक्त कार्यक्रममा लगानी बोर्डको कार्यालयका उपसचिव श्री रमेश अधिकारीले लगानीको प्रक्रिया, सम्भावना र लगानी सम्मेलनमा सोकेश गर्न सकिने सम्भावित परियोजनाको विषयमा संक्षिप्त प्रस्तुतीकरण गर्नुभएको थियो भने कार्यालयका शाखा अधिकृत मनोज राउतले लगानी सम्बन्धी सम्पूर्ण प्रक्रियालाई सहजीकरण गर्न उद्योग विभागमा स्थापित एकल विन्दु सेवा केन्द्र र लगानी बोर्डले अगाडि बढाएको वेभमा आधारित एकल विन्दु सेवा केन्द्रको विषयमा जानकारी गराउनु भएको थियो। उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै Yiwu CPPCC का उपाध्यक्ष Ms. Luo Xiaojun ले इवुको विकासबाट नेपालले समेत शिक्षा लिन सक्ने विषय जानकारी गराउँदै चिनियाँ लगानीकर्ताहरुलाई नेपालमा रहेका लगानीका अवसरहरुको खोजी गरी लगानी गर्न प्रेरित गर्नुभयो। त्यस्तै ब्यूरो अफ कमर्सका डेपुटी डाइरेक्टर

नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४५७५२९३
४५७५२७६
४५७५२७७
४५७५२७८
फ्याक्स: ९७७-१-४५७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

पत्र संख्या: ०८०/०८१
च. नं.:

मिति: २०८० चैत्र १६

Ms. Zhu Xiaotang ले इवुको आयात निर्यात र विश्व व्यापारमा इवुको उपस्थितिको बारेमा संक्षिप्त जानकारी दिनुभएको थियो भने Executive Vice President of the Overseas Chinese Association in Nepal and the Nepal China Peaceful Reunification Promotion Association का कार्यकारी उपाध्यक्ष Mr. Chen Xiaoshuang ले नेपालमा लगानी गर्दाको अनुभव सुनाउनु भएको थियो। कार्यक्रममा Yiwu Municipal People's Government, इवुस्थित चिनियाँ कम्पनीका प्रतिनिधिहरू, नेपाली समुदायका प्रतिनिधिहरु, नेपाली दूतावासका अधिकारीहरू तथा सञ्चारमाध्यम लगायत १०० भन्दा बढीको सहभागीता रहेको थियो ।

त्यसैगरी मार्च २९ मा ग्वान्जाओस्थित नेपाली महावाणिज्यदूतावासले China Council for the Promotion of International Trade (CCPIT), Guangdong तथा Guangdong Chamber of International Commerce (GCOIC) सँगको सहकार्यमा आयोजना गरेको "Transforming Nepal into a premier global investment destination" विषयक कार्यक्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव तथा लगानी सम्मेलन सचिवालयका सदस्य नमराज घिमिरेले नेपालमा विदेशी लगानीका संभावित क्षेत्र तथा परियोजनाहरुका विषय र नेपालको समग्र लगानी वातावरणका विषय समेटेर सम्बोधन गर्नु भएको थियो। त्यस्तै कार्यक्रममा CCPIT का उपाध्यक्ष Ms. Cui Shuang ले चिनियाँ व्यवसायीहरु नेपालमा लगानी गर्न उत्साही रहेको र लगानी सम्मेलनमा विभिन्न क्षेत्रका व्यवसायीहरुको सहभागिता रहने जानकारी गराउनु भयो। उक्त कार्यक्रममा सहसचिव घिमिरेले नेपालमा लगानीका सन्दर्भमा चिनियाँ व्यवसायीहरुका जिज्ञासा तथा प्रश्नहरुलाई समेत सम्बोधन गर्नु भएको थियो। उक्त कार्यक्रममा नेपाली महावाणिज्यदूतावास, ग्वान्जाओका कार्यवाहक महावाणिज्यदूत सरोज भट्टराईले सहभागीहरुलाई स्वागत गर्दै नेपाल लगानीका लागि उपयुक्त गन्तव्य रहेको र लगानी प्रवर्द्धनका लागि महावाणिज्यदूतावासले आवश्यक सहजिकरण गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो। उक्त कार्यक्रममा विभिन्न क्षेत्रका चिनियाँ अग्रणी उद्यमी व्यवसायीहरु तथा गैरआवाशीय नेपाली व्यवसायीहरुको समेत सहभागिता रहेको थियो।

२०८०।१२।१६

प्रद्युम्न प्रसाद उपाध्याय
सहसचिव तथा प्रवक्ता